
# आर्थिक संस्कार

राष्ट्रिय साप्ताहिक

वर्ष १४ | अङ्क २४१ | माघ २९, २०८१, मंगलवार | ने.स ११४५ | पृष्ठ ८ | आर्थिक संस्कार | 11 February, 2025, Tuesday | Price Rs 5/- | www.aarthiksanskar.com


## नेपाल भ्रष्टाचार धेरै हुने मुलुकको सूचीमै



■ आर्थिक संस्कार

नेपाल यसवर्ष पनि भ्रष्टाचार धेरै हुने मुलुककै सूचीमा परेको छ । ट्रान्सपरेन्सी इन्टरनेसनल (टीआई) ले सार्वजनिक गरेको सन् २०२४ को भ्रष्टाचार अवधारणा सूचकांक (सीपीआई) का नेपाल व्यापक भ्रष्टाचार हुने मुलुकमै परेको छ । सीपीआई २०२४ मा नेपाललाई १०० मा ३४ अंक दिइएको छ । १८० मुलुकमध्ये नेपाल १०७ औं स्थान छ । सीपीआई २०२३ मा नेपाल ३५ अंकसहित १०८औं स्थानमा थियो । ट्रान्सपरेन्सी इन्टरनेसनल नेपालका अध्यक्ष मदनकृष्ण शर्मा नेपालले प्राप्त गरेको अंकले भ्रष्टाचारविरुद्ध प्रभावकारी रूपले काम-कारबाही अगाडि बढाउन अत्यन्त जरुरी भएको देखिएको बताउँछन् । दक्षिण एसियाली राष्ट्रहरूमध्ये भुटानले ७२ अंक, भारतले ३८ अंक, मालदिभ्सले ३८ अंक, नेपालले ३४ अंक, श्रीलङ्काले ३२ अंक, पाकिस्तानले २७ अंक, बङ्गलादेशले २३ अंक र अफगानिस्तानले १७ अंक प्राप्त गरेका छन् । छिमेकी मुलुक चीनले ४३ अंक प्राप्त गरेको छ । नेपालको संविधान २०७२ सालदेखि लागू भई तीन तहको सरकार सञ्चालन भएको पनि करिब आठ वर्ष भैसक्दासमेत नेपालमा भ्रष्टाचार कम गर्नेतर्फ सफलता हासिल नभएको अध्यक्ष शर्माको भनाइ छ । उनी भन्छन्,'यस स्थितिमा सुधार ल्याउन अत्यावश्यक भैसकेको छ, जसका लागि राजनीतिक क्षेत्रको सदाचार प्रतिको प्रतिवद्धतामा अभिवृद्धि, सरकारी क्षेत्रमा हुने घुसखोरी र भ्रष्टाचारमाथि निष्पक्ष कारबाही, स्वच्छ न्यायिक प्रक्रियाको सुनिश्चितता र व्यावसायिक क्षेत्रसँग सम्बन्धित भ्रष्टाचार नियन्त्रणमा प्रभावकारी कदम चाल्न जरुरी देखिन्छ । डेनमार्क भ्रष्टाचार कम हुने मुलुक

१८० देश सम्मिलित यस सूचकांकमा डेनमार्क ७ वर्षदेखि लगातार ९० अंक प्राप्त गरी विश्वको सबैभन्दा कम भ्रष्टाचार हुने मुलुकका रूपमा रहेको छ । साउथ सुडान ८ अंक प्राप्त गरी यस वर्ष सबैभन्दा बढी भ्रष्टाचार हुने मुलुकका रूपमा अंकित भएको छ । सूचकांकमा १०० अंकले अति स्वच्छ र ० अंकले अति भ्रष्ट जनाउँदछ । विगत ५ वर्षमा ७ वटा मुलुकहरूले भ्रष्टाचार अवधारणा सूचकांकमा उल्लेख्य प्रगति हासिल गरेका छन् । सन् २०२४ मा विश्वका दुई तिहाइ देशहरूले १०० मा ५० भन्दा कम अंक प्राप्त गरेका छन् । सर्वेक्षण गरिएका १८० मुलुकको औसत अंक यस वर्ष पनि ४३ नै कायम रहेको छ । कम अंक प्राप्त गर्नेमा कमजोर र द्वन्द्व प्रभावित मुलुकहरू रहेका छन् । विश्वव्यापी चासोको विषय रहेको जलवायु परिवर्तनसम्बन्धी अन्तर्राष्ट्रिय स्तरमा सक्रिय रहेका मुलुकहरुले समेत भ्रष्टाचार अवधारणा सूचकांक सर्वेक्षणमा कम अंक प्राप्त गरेको देखिएको छ । ट्रान्सपरेन्सी इन्टरनेसनलले विभिन्न देशको भ्रष्टाचार अवधारणा सूचकांक तयार गर्दा १३ वटासम्म अन्तर्राष्ट्रिय सर्वेक्षणका तथ्याङ्कलाई आधार मान्ने गरेको छ । नेपालको सूचकांक निम्नलिखित ६ वटा संस्थाद्वारा विभिन्न क्षेत्र समेटेर गरिएको सर्वेक्षणको आधारमा तयार गरिएको छ ।

## नेसपा (नयाँ शक्ति) महाधिवेशन

■ आर्थिक संस्कार

नेपाल समाजवादी पार्टी (नयाँ शक्ति) मा दुई पदाधिकारी, प्रदेश र केन्द्रीय सदस्यमा नेताहरु निर्विरोध निर्वाचित भएका छन्।

आइतबारदेखि सुरु भएको पार्टीको पहिलो महाधिवेशनको बन्दसत्रमा उनीहरू निर्वाचित भएका हुन् । पदाधिकारीमा निर्विरोध निर्वाचित हुनेहरूमा महिला उपाध्यक्षमा मानुषी यमि भट्टराई, उपाध्यक्ष (दलित)मा दुर्गा सोब रहेका छन् ।

यस्तै कोशी प्रदेश केन्द्रीय सदस्य खुलातर्फ मणि राई, कोशी प्रदेशबाटै महिला केन्द्रीय सदस्यमा तारा बास्तोला दवाडी र मधेश प्रदेशबाट महिला केन्द्रीय सदस्यमा बिबि समिना खातुन निर्विरोध निर्वाचित भएका छन् । वाग्मती प्रदेशबाट केन्द्रीय सदस्यमा महिलातर्फ बसुन्धरा सापकोटा, गण्डकी प्रदेशबाट खुला केन्द्रीय सदस्यमा चित्र सापकोटा र महिला सदस्यमा नारायणी अधिकारी निर्विरोध निर्वाचित भएका छन्।

लुम्बिनी प्रदेशबाट खुला केन्द्रीय सदस्यमा कमल खनाल र महिलातर्फ सुनिता काफ्ले निर्वाचित भएका छन् । कर्णाली प्रदेशबाट खुला केन्द्रीय सदस्यमा लक्ष्मिप्रसाद भट्टराई र महिलामा मिराकुमारी मल्ल निर्वाचित भएका छन् ।



सुदूरपश्चिमबाट केन्द्रीय सदस्य खुलामा रतनबहादुर टमटा र महिलातर्फ सत्यदेवी चापागाईं निर्वाचित भएका छन् । यस्तै भारत प्रवास प्रदेश केन्द्रीय सदस्य खुलातर्फ लोकेन्द्रबहादुर सुनार निर्वाचित भएका छन् । यस्तै केन्द्रीय सदस्यमा खुला युवा महिलातर्फ निशा श्रेष्ठ, आदिवासी जनजाती युवा महिलामा मञ्जुमाया तामाङ, मधेशी महिलामा अमृताकुमारी देवी, दलित केन्द्रीय सदस्य युवामा हिक्मत विक र थारु महिलामा गीता थनेत निर्विरोध निर्वाचित भएका छन् । यी हुन् निर्वाचित पदाधिकारी र केन्द्रीय सदस्यहरु उपाध्यक्ष (महिला) - मानुषी यमि भट्टराई

उपाध्यक्ष (दलित) - दुर्गा सोब

प्रदेशतर्फ

कोशी प्रदेश केन्द्रीय सदस्य (खुल्ला)- मणि राई

कोशी प्रदेश केन्द्रीय सदस्य (महिला) - तारा बास्तोला दवाडी

मधेश प्रदेश केन्द्रीय सदस्य (महिला) - बिबि समिना खातुन

बागमती प्रदेश केन्द्रीय सदस्य (महिला)- बसुन्धरा साप्कोटा

गण्डकी प्रदेश केन्द्रीय सदस्य (खुल्ला)- चित्र सापकोटा

गण्डकी प्रदेश केन्द्रीय सदस्य (महिला) - नारायणी अधिकारी

लुम्बिनी प्रदेश केन्द्रीय सदस्य (खुल्ला)- कमल खनाल

लुम्बिनी प्रदेश केन्द्रीय सदस्य (महिला) - सुनिता काफ्ले

कर्णाली प्रदेश केन्द्रीय सदस्य (खुल्ला)- लक्ष्मी प्रसाद भट्टराई

कर्णाली प्रदेश केन्द्रीय सदस्य (महिला) - मिरा कुमारी मल्ल

सुदूरपश्चिम प्रदेश केन्द्रीय सदस्य (खुल्ला)- रतनबहादुर टमटा

सुदूरपश्चिम प्रदेश केन्द्रीय सदस्य (महिला) - सत्यदेवी चापागाईं

भारत प्रवास प्रदेश केन्द्रीय सदस्य (खुल्ला)- लोकेन्द्रबहादुर सुनार

केन्द्रीय सदस्य -

खुला युवा महिला - निशा श्रेष्ठ

आदिवासी जनजाती युवा महिला - मन्जु माया तामाङ

मधेशी महिला - अमृता कुमारी देवी

दलित के.स. युवा - हिक्मत वि.क.

थारु महिला - गीता थनेत

## खेलकुदमन्त्री चौधरी भन्छन् : टाइपमा त्रुटिले 'श्री ५ को सरकार' भयो

■ आर्थिक संस्कार

युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीले टाइपमा त्रुटि भएकाले नेपाल स्काउटको नियमावलीमा 'श्री ५ को सरकार' हुन गएको स्पष्ट पारेका छन् । सोमबार उनले नेपाल स्काउटलाई पत्र लेख्दै नेपाल स्काउट कर्मचारी सेवा नियमावली २०५२ (संशोधन २०८१) को अनुसूची ४(क) को १ र ४(ख) को ४ मा टाइपमा त्रुटि भई नेपाल सरकारको सट्टा 'श्री ५ को सरकार' हुन गएको बताएका छन् ।

स्काउट राष्ट्रिय परिषद्का अध्यक्षसमेत रहेका मन्त्री चौधरीले पठाएको पत्रमा भनिएको छ, '...श्री ५ को सरकार शब्दावली नेपालको संविधान २०७२ भाग - १ धारा-१ मा यो संविधान नेपालको मूल कानुन हो, यस संविधानसँग बाझिने कानुन बाझिएको हदसम्म अमान्य हुनेछ भन्ने व्यवस्थाविपरीत रहेको पाइएकाले उक्त त्रुटि सच्चयाई नियमावलीमा उल्लेखित श्री ५ को सरकार लेखिएको शब्दावलीको सट्टा नेपाल सरकार शब्दावली राखी प्रमाणीकरण गरी कार्यान्वयनका लागि पठाइएको छ ।'

मन्त्री चौधरीले 'श्री ५ को सरकार' लेखेपछि सामाजिक सञ्जालसम्म सदनसम्म उनको आलोचना भएको थियो । सोमबार राष्ट्रिय सभामा माओवादी सांसद मायाप्रसाद शर्माले मन्त्री चौधरीसँग यसबारे जवाफसमेत मागेका थिए । 'युवा तथा खेलकुदमन्त्रीज्यूको कार्य सम्पादन अनुसूची ४ (१) बमोजिम फारम मूल्यांकनमा श्री ५ को सरकारले प्रचलित कानुनअनुसार ल्याएको भन्ने कुरा आएको छ । यो के हो ? ०४७ सालको संविधान कार्यान्वयन हो कि ? संशोधन भइसक्यो बुझ्न चाहन्छु,' सांसद शर्माको प्रश्न थियो ।

देश गणतन्त्रात्मक व्यवस्थामा गइसकेपछि पनि नेताहरूले विभिन्न समयमा भाषण र दस्ताबेजमा 'श्री ५ को सरकार' भन्ने गरेका छन् । २०७७ साल माघमा तत्कालीन खानेपानी मन्त्री मणि थापाले एउटा भाषणमा 'श्री ५ को सरकार' भनेका थिए । तत्कालीन नेकपाका नेतासमेत रहेका उनले सुर्खेतमा आयोजित एक कार्यक्रममा भनेका थिए, 'सबैलाई सम्मान गर्न चाहन्छु जो मञ्चमा आसीन हुनुहुन्छ । र सुर्खेतका आदरणीय जनसमुदायहरू म सबैलाई नेकपा स्थायी समितिको तर्फबाट र श्री ५ को सरकारको तर्फबाट यो कार्यक्रममा ...ए सरी नेपाल सरकारको तर्फबाट यो कार्यक्रममा तपाईंहरूलाई लाल सलाम भन्न चाहन्छु ।' सामाजिक सञ्जालमा चर्को आलोचना भएपछि थापाले भूलवश त्यस्तो हुन गएको भन्दै माफी मागेका थिए ।



## पुर्पक्षका लागि छविलाल कारागार चलान

■ आर्थिक संस्कार

बुटवलको सुप्रिम सहकारी ठगी प्रकरणमा गोर्खा मिडिया नेटवर्कका उपाध्यक्ष एवं नेपाल प्रहरीका पूर्वडीआईजी छविलाल जोशीलाई रूपन्देही जिल्ला अदालतले पुर्पक्षका लागि कारागार पठाउने आदेश दिएको छ। एकै प्रकृतिको मुद्दामा गोर्खा मिडिया नेटवर्कका तत्कालीन प्रबन्ध निर्देशक रवि लामिछानेलाई भने अदालतले १ करोड धरौटीमा रिहा गर्ने आदेश दिएको थियो।

सोमबार अदालतमा उपस्थित भएका जोशीलाई न्यायाधीश वशिष्टकुमार घिमिरेको इजलासले पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको हो। 'प्रतिवादीले जानीजानी कसुर नगरेको आधार नदेखिँदा हाललाई थुनामा राखी पुर्पक्ष गराउनु भन्ने आदेश भएको छ,' जिल्ला अदालतका स्रेस्तेदार यज्ञमूर्ति ज्ञवालीले भने, 'थप प्रमाण पछि बुझ्दै गएअनुसार हुनेछ।' यसअघि जोशी पोखराको सूर्यदर्शन सहकारी ठगीमा ८८ लाख र काठमाडौंको स्वर्णलक्ष्मी सहकारी ठगी मुद्दामा ५० लाख धरौटीमा रिहा भएका थिए। उनीविरुद्ध चितवनको साहारा सहकारी ठगीमा पनि मुद्दा दर्ता भएको छ।

सुप्रिम सहकारी ठगीमा मुद्दामा लामिछानेलाई भने न्यायाधीश प्रह्लादकुमार योगीको इजलासले धरौटीमा छोड्ने आदेश गरेको थियो। अदालतले तत्काल प्राप्त प्रमाणका आधारमा 'लामिछानेले कसुर नगरेको विश्वास गर्नुपर्ने मनासिब आधार नदेखिएको' भन्दै पछि ठहरेबमोजिम हुने गरी धरौटीमा छोड्ने आदेश दिएको थियो।

सुप्रिम सहकारी ठगीमा लामिछानेसहित २२ जनालाई प्रतिवादी बनाएर जिल्ला सरकारी वकिल कार्यालयले पूरक अभियोग दर्ता गरेपछि लामिछाने र जोशी अदालतमा उपस्थित भएका हुन्। अन्य प्रतिवादी अझै फरार छन्। पूरक अभियोगमा ५५ करोड रुपैयाँ बिगो कायम गरिएको छ। सुप्रिमबाट जोशीका नाममा व्यक्तिगत २ करोड ५० लाख र सामूहिक दायित्वअन्तर्गत १० करोड ९९ लाख ऋण लिएको देखिएको छ। यसअघि गत वैशाखमा गितेन्द्रबाबु (जीबी) राईसहित २८ जनालाई प्रतिवादी बनाएर सहकारी ठगीमा मुद्दा दर्ता भएको थियो। तीमध्ये १७ जनाविरुद्ध थप अभियोगसहितको मुद्दा पनि दर्ता भएको छ।



BRANDTALK

## तिलगंगाको आँखा उपचार पद्धति लाओसले पछ्याउने

■ आर्थिक संस्कार

नेपालको तिलगंगा आँखा प्रतिष्ठानको उपचार अवधारणा र पद्धति लाओसले पनि लागू गर्न चाहेको छ। यही माघ २३ देखि २५ सम्म लाओसमा भएको निःशुल्क आँखा शिविरमा तिलगंगा टोलीको नेतृत्व गर्दै पुगेका वरिष्ठ नेत्र शल्यचिकित्सक डा. सन्दुक रुइतसँग भेटवार्ता गर्दै त्यहाँका स्वास्थ्यमन्त्री डा. बाउन्फेङ फुम्मलयसिथले यस्तो प्रस्ताव गरेका हुन्।

डा. रुइतका अनुसार लाओसका स्वास्थ्यमन्त्री फुम्मलयसिथले नेपालमा कम स्रोतमा राम्रो सफलता हासिल गरेको तिलगंगा आँखा प्रतिष्ठानका कार्यक्रमलाई त्यहाँ पनि लागू गर्न कार्ययोजना बनाएर अगाडि बढ्ने जानकारी दिएका छन्। त्यसका लागि पहिला लाओसले आफ्ना चिकित्सक, स्वास्थ्यकर्मी तथा प्राविधिकलाई आवश्यक तालिम लिन नेपाल पठाउनेछ। तिलगंगाबाट पनि तालिम दिन विज्ञ टोली लाओस जानेछन्। 'उनीहरूको देशमा मोतियाबिन्दु मात्र नभई आँखाका अन्य समस्या नेपालमा भन्दा ४ गुणा बढी रहेछ, त्यसलाई सम्बोधन गर्न उनीहरूले तिलगंगाको मोडल अपनाउने भएका हुन्,' उनले भने, 'त्यसका लागि हामी उनीहरूको जनशक्तिलाई तालिम दिएर दक्ष बनाउने छौं, त्यसपछि उनीहरूले यहाँको व्यवस्थाको सिको गर्नेछन्।' उनका अनुसार लाओसले लागू गर्न खोजेको आँखा कार्यक्रमलाई अस्ट्रेलियाको फ्रेड हलोज फाउन्डेसन र अमेरिकाको क्योर ब्लाइन्डनेस परियोजनाले आर्थिक सहयोग गर्नेछ।


लाओसको स्वास्थ्यमन्त्री (बीचमा) सँग डा. रुइत । लाओस र तिलगंगा आँखा अस्पतालबीचको यो सहकार्यले त्यहाँको आँखा उपचारमा नभई अन्य क्षेत्रको सहयोग आदानप्रदानका लागि पनि ढोका खोल्न सक्ने डा. रुइतले बताए। 'लाओस र नेपालमा धेरै समानता छ, लाओस पनि एसियाको भूपरिवेष्टित राष्ट्र हो र त्यहाँ जलविद्युत्को ठूलो सम्भावना छ। भगवान् बुद्धलाई मान्ने जनसंख्या ठूलो छ। नेपालको लुम्बिनीप्रति उनीहरूको ठूलो आस्था रहेको छ,' उनले भने, 'यस्तोमा हामीले केही कुरा लाओससँग सिक्न सक्छौं भने केही विषयमा उसलाई सिकाउन सक्छौं। लाओसले जलविद्युत् उत्पादन गरेर छिमेकी थाइल्यान्ड, भियतनाम र कम्बोडियालगायतका मुलुकमा बिक्री गरिरहेको छ, त्यो विषयमा हामी उनीहरूको अनुभवबाट सिक्न सक्छौं।' तिलगंगा आँखा प्रतिष्ठानका कार्यकारी निर्देशक डा. रुइतको



नेतृत्वमा चिकित्सक डा. बन्दना खनालसहित प्राविधिक तथा स्वास्थ्यकर्मी सम्मिलित टोलीले लाओसमा दुई दिनमा २६५ जनाको मोतियाबिन्दुको शल्यक्रिया गरेको थियो। शिविरमा दुवै आँखामा मोतियाबिन्दु भएर अन्धोपनको सिकार भएका १५ जनाको शल्यक्रिया गरिएको थियो। डा. रुइतका अनुसार खास गरेर दुवै आँखामा मोतियाबिन्दु भएकाहरू शल्यक्रियापछि निकै खुसी भएका थिए। लाओसको आँखा शिविरमा दुवै आँखाको शल्यक्रिया गरिएका मध्ये ६१ वर्षका फाउडथलम केमेस्ट्री विषयका शिक्षक थिए। तिलगंगा आँखा प्रतिष्ठानका नेत्र अधिकृत नामखेन लामाका अनुसार दुई वर्षयता दृष्टि गुमाएका उनमा उपचारपछि पुनः देख्न सकिने हो या होइन भन्ने दोधार थियो। 'शल्यक्रिया गरेको भोलिपल्ट नै देख्न सकेपछि निकै खुसी भएका थिए,' लामाले भने, 'दुई वर्षपछि फेरि पढाउन पाउने भएकामा उनी निकै सन्तुष्ट थिए।'

आँखा शिविर नेपालको तिलगंगा आँखा प्रतिष्ठान, सिंगापुरको 'अ न्यु भिजन' र लाओसको 'फोङ्साभान फाउन्डेसन' र माहोत्सो अस्पतालको संयुक्त सहकार्यमा आयोजना गरिएको थियो । उक्त कार्यक्रमका लागि लाओसस्थित अवैतनिक महावाणिज्य दूत राजु श्रेष्ठको सहयोग रहेको थियो ।

# ३ महिनापछि बन्यो लिपिङ बेलिब्रिज



■ आर्थिक संस्कार

गत असोजमा बाढीले बगाएको तातोपानी नाकाको लिपिङ बजार जोड्ने बेलिब्रिज सोमबारबाट सञ्चालनमा ल्याइएको छ। नेपाली सेनाको प्राविधिक सहयोगमा ६ दिन–रात गरेर ४५ दशमलव ७२ मिटर लामो लिपिङखोला बेलिब्रिज आइतबार साँझ तयार गरिएको हो। सेनाका नम्बर २६ बाहिनीपति सहायक रथी अशोक गुरुङले सोमबार २८ टन भारवहन क्षमताको बेलिब्रिजको उद्घाटन गरे।

सेनाले सडक डिभिजन कार्यालयलाई बेलिब्रिज हस्तान्तरण गरेसँगै सीमाक्षेत्रको बजारबाट यातायात सञ्चालन भएको छ। गत असोजमा लिपिङखोला र भोटेकोशीमा आएको बाढीले यहाँ पुल बगाएको थियो। बाढीको केही समयमै लार्चामा ह्युमपाइप राखेर यातायात सञ्चालनमा ल्याइएको थियो। लिपिङमा बेलिब्रिज जोडिएपछि सीमावासी र व्यवसायी उत्साहित भएका छन्।

'यसअघि लिपिङ पुलको कुनाबाट कच्ची सडक जोडेर चलाइए पनि जोखिमपूर्ण यात्रा गर्नुपरेको थियो, बेलिब्रिज जोडिएसँगै नाका पनि सञ्चालनमा आएको छ,' भोटेकोशी–२ का वडाध्यक्ष कुमार श्रेष्ठले भने।

यसअघि नेपाल–चीनका अधिकारीबीच भएको अनौपचारिक छलफलअनुरूप माघ ६ देखि आइतबारसम्म नाका बन्द रहेको प्रमुख जिल्ला अधिकारी किरण थापाले जनाए। बेलिब्रिज निर्माण पूरा भएपछि नाका पहिलेझैं सञ्चालनमा आएको छ।

सीमाक्षेत्र तातोपानीमा बेलिब्रिज, ह्युमपाइपबाहेक तातोपानी क्षेत्रमा बनाएको मितेरी पुलछेउको छोटी भन्सार कार्यालयको सानो भवन मात्रै छ। यसबाहेक सरकार र अन्य पक्षबाट सीमाक्षेत्रको भौतिक पूर्वाधारका लागि केही काम नभएको गुनासो छ।

तातोपानी नाका जोड्ने सडक कोदारी राजमार्ग (२६ किलोमिटर) दर्जनौं स्थानमा बाढीपहिरो, खाल्डाखुल्डीले जोखिमपूर्ण बनेको छ।

'तातोपानी नाकामा सरकारले केही गरेको देखिँदैन, यहाँको बजार खण्डहर छ, अन्तर्राष्ट्रिय नाका जोड्ने कोदारी राजमार्गको बेहाल छ,' भोटेकोशी–२ का स्थानीय साङ्बो शेर्पाले गुनासो गरे।

२०७२ को भूकम्प, परकम्प र भोटेकोशी बाढीपहिरोपछि नाका खुलाउन पहल भइरहेका बेला २०७३ असार २१ मा बाढीले सडक र सीमाका ८० वटा घर बगाएर कोदारी राजमार्ग तहसनहस बन्यो। २०७४ मा चिनियाँ ठेकेदारबाट निर्मित लार्चास्थित मोटरेबल पुल माथिल्लो सुक्खा पहिरोले थुनिएर भोटेकोशी नदीमा बगेको थियो।

त्यसलगत्तै केही समयपछि बेलिब्रिज जडान गरिएको थियो। यसअघिका बर्खामा क्षति मात्रै भइरहेको लिपिङ बजार जोड्ने लिपिङ पुल गत असोजमा लिपिङ खोलाको बाढीले पूरै बगाएको थियो।

# सुनको मूल्य बढ्दा चाँदीको घट्यो



■ आर्थिक संस्कार

सुनको मूल्य बढेको छ भने चाँदीको मूल्य घटेको छ । आज स्थानीय बजारमा सुनको मूल्य प्रतितोला छ सय रुपैयाँले बढेको हो । सोमबार प्रतितोला एक लाख ६९ हजार छ सय रुपैयाँमा कारोबार भएको सुन आज प्रतितोला एक लाख ७० हजार दुई सय रुपैयाँ निर्धारण भएको नेपाल सुनचाँदी व्यवसायी महासंघले जनाएको छ ।

चाँदीको मूल्य भने प्रतितोला ३० रुपैयाँले घटेको छ । आज चाँदीको मूल्य प्रतितोला एक हजार नौ सय ४५ रुपैयाँ निर्धारण गरिएको छ ।

Aarthik SANSKAR

## हाम्रो टिम

प्रबन्ध निर्देशक: राज भाई श्रेष्ठ
मुख्य सम्पादक: शिव दाहाल
सम्पादक: राजेश महर्जन
वैदेशिक मामिला र राजनीति: चिरञ्जीवी ढुंगाना
कानुनी सल्लाहकार: वरिष्ठ अधिवक्ता ईश्वर राज ढकाल
विज्ञापन: पिंक रोज एडभर्टाइजिङ्ग सर्भिस, महाराजगञ्ज, काठमाडौं
रिपोर्टर: यशोदा खनाल
रिपोर्टर: रश्मी श्रेष्ठ
लेखा: मुनिज मान श्रेष्ठ
डिजिटल: सुलभ भट्टराई
डिजिटल: सुजन पोखरेल
प्रकाशक: ओम अफसेट प्रिन्टिङ्ग हाउस, बागबजार, काठमाडौं महानगरपालिका, महाराजगञ्ज, वडा नं. ३,काठमाडौं
फोन: ०१-४७२०५५६

Aarthik SANSKAR

# नयाँ स्टक एक्सचेन्ज लाइसेन्समा बोर्डले थाल्यो काम

■ आर्थिक संस्कार




निजी क्षेत्रको लगानीमा नयाँ स्टक एक्सचेन्जको लाइसेन्स वितरण सम्बन्धमा नेपाल धितोपत्र बोर्डले थप काम थालेको छ। राष्ट्र बैंकका सञ्चालक एवं पूर्वडेपुटी गभर्नर चिन्तामणि शिवाकोटीको संयोजकत्वमा गठित समितिले नयाँ स्टक एक्सचेन्जको लाइसेन्स वितरण सम्बन्धमा तयार पारेको प्रतिवेदन कार्यान्वयनका लागि धितोपत्र बोर्ड सञ्चालक समितिले प्रतिवेदन कार्यान्वयन कार्ययोजना समितिलाई निर्देशन दिएको छ।

गत बिहीबार बसेको बोर्ड सञ्चालक समिति बैठकले प्रतिवेदन पेस गर्न उक्त समितिलाई निर्देशन दिने निर्णय गरेको थियो।

नयाँ लाइसेन्स वितरणका लागि प्रक्रिया शेरबहादुर देउवा प्रधानमन्त्री र जनार्दन शर्मा अर्थमन्त्री भएकै बेला सुरु भएको थियो। बोर्डका तत्कालीन अध्यक्ष रमेशकुमार हमालले कानुन मन्त्रालयबाट धितोपत्र बोर्ड सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने फणीन्द्र गौतमको संयोजकत्वमा प्रतिवेदन कार्यान्वयन कार्ययोजना समिति बनाएका थिए। हाल गौतमको ठाउँमा कानुन मन्त्रालयको प्रतिनिधित्व विनोदकुमार भट्टराईले गरिरहेका छन्। बोर्डले प्रतिवेदन कार्यान्वयन कार्ययोजना समितिको संयोजक भट्टराईलाई तोकेर कार्ययोजना पेस गर्न निर्देशन दिएको छ।

निजी स्टक एक्सचेन्जको लाइसेन्स वितरणका लागि धितोपत्र बोर्डका पूर्वअध्यक्ष हमालले नीतिगत व्यवस्था गरेर अनुमतिपत्र वितरण प्रक्रिया अघि बढाएका थिए। तर मिलेमतोमा स्टक एक्सचेन्जको लाइसेन्स दिन चलखेल गरिएको भन्दै संसद्मा विरोध भएपछि २०८० वैशाखमा तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालले प्रक्रिया रोक्न निर्देशन दिएका थिए। सरकारी स्टक एक्सचेन्ज (नेप्से) हुँदाहुँदै निजी क्षेत्रलाई नयाँ लाइसेन्स वितरण गर्न उचित नहुने सांसदहरूको तर्क थियो।

लाइसेन्स वितरण प्रक्रिया रोक्न निर्देशन दिएका तत्कालीन प्रधानमन्त्री दाहाल नेतृत्वको मन्त्रिपरिषद्ले नै नयाँ स्टक एक्सचेन्जको आवश्यकता भएको वा नभएको अध्ययन गरी सिफारिस गर्न राष्ट्र बैंकका सञ्चालक एवं पूर्वडेपुटी गभर्नर शिवाकोटीको संयोजकत्वमा अध्ययन समिति बनाएको थियो। समितिले प्रतिवेदनमा हालको स्टक एक्सचेन्जको संरचनात्मक सुधारसहित नयाँ एक्सचेन्जलाई लाइसेन्स दिन सकिने सुझाव दिएको थियो।

गत पुस ५ मा मन्त्रिपरिषद् बैठकले धितोपत्र बजार सञ्चालनका लागि अनुमतिपत्र प्रदान गर्ने सम्बन्धमा यसअघि गठित अध्ययन समितिको प्राप्त प्रतिवेदन अर्थ मन्त्रालय पठाउने निर्णय गरेको थियो। सोही निर्णयका आधारमा यही माघ पहिलो साता अर्थ मन्त्रालयले नेपाल धितोपत्र बोर्डलाई पत्राचार गरेको हो। सोही पत्रका आधारमा माघ दोस्रो साता धितोपत्र बोर्डले नयाँ एक्सचेन्जका विषयमा पहिलो पटक सञ्चालक समितिमा औपचारिक रूपमा छलफल अघि बढाएको छ। छलफल मात्र भए पनि पहिलो बैठकमा उक्त विषयमा बैठकले कुनै निर्णय गरेन। गत बिहीबार बसेको बैठकले शिवाकोटीको प्रतिवेदन कार्यान्वयन सम्बन्धमा कार्ययोजना पेस गर्न समितिलाई निर्देशन दिएको हो।

यसअघि सरकारले प्रक्रिया रोकेकाले फुकुवा पनि उसैले गर्नुपर्ने भन्दै धितोपत्र बोर्डले एक्सचेन्जको नयाँ लाइसेन्स सम्बन्धमा थप काम अघि बढाएको थिएन। अहिले मन्त्रिपरिषद्को निर्णयलाई उद्धृत गर्दै अर्थ मन्त्रालयबाट आएपछि स्टक एक्सचेन्जको लाइसेन्स सम्बन्धमा बोर्डले औपचारिक रूपमै छलफल अघि बढाएको हो। नयाँ स्टक एक्सचेन्जको लाइसेन्स वितरण सम्बन्धमा प्रमुख प्रतिपक्ष दल माओवादीका अध्यक्ष दाहाल, पूर्वअर्थमन्त्री वर्षमान पुनलगायतले गत साता संसद्मा बोल्दै ठूलो रकमको चलखेल रहेको आरोप लगाएका थिए। रास्वपालगायत राजनीतिक दलले विरोध गर्ने जनाएका छन्।

# आईएनजीओका परियोजना एकद्वार प्रणालीमा लैजान गृहकार्य

■ आर्थिक संस्कार

अन्तर्राष्ट्रिय गैरसरकारी संस्था (आईएनजीओ) बाट परिचालन हुने सबै खर्चलाई एकद्वार प्रणालीमा जोड्न सरकारले गृहकार्य थालेको छ। विदेशबाट आईएनजीओमार्फत भित्रिएको अनुदान राष्ट्रिय हित, प्राथमिकता र आवश्यकताभन्दा बाहिर गएर 'निहित स्वार्थ' मा खर्च भएपछि यसलाई रोक्न भन्दै सरकारले एकद्वार प्रणालीमा जोड्ने प्रयास थालेको हो। आईएनजीओबाट सिधै र राष्ट्रिय गैरसरकारी संस्था (एनजीओ) मार्फत गरिएका खर्चको पारदर्शिताको स्थितिसहित आर्थिक, सामाजिक, सांस्कृतिक र पर्यावरणीय प्रभाव मूल्यांकन गरी प्रतिवेदन पेस गर्न आइतबार गृह मन्त्रालयले ७७ वटै जिल्ला प्रशासन कार्यालयलाई निर्देशन दिएको छ। परिपत्रअनुसार प्रतिवेदन आएपछि यसमा सम्बद्ध निकायसँग समन्वय गरेर नीतिगत सुधारका लागि काम अघि बढाइने गृह मन्त्रालयले जनाएको छ। एनजीओ–आईएनजीओले बर्सेनि सरकारी संयन्त्रलाई छलेर मनोमानी रूपमा अर्बौं रुपैयाँ खर्च गर्ने गरेका छन्। तर, खर्च कसरी भयो भनेर सरकारी संयन्त्रले प्रभावकारी नियमन र अनुमगन नगर्दा रकम दुरुपयोग हुने गरेको पाइएको छ। आईएनजीओबाट भित्रिएको रकम सदुपयोग गर्न र यसलाई राष्ट्रिय आवश्यकता र प्राथमिकताअनुसार परिचालन गर्न एकद्वार नीतिमा अघि बढ्न पहल थालिएको गृहमन्त्री रमेश लेखकले पुष्टि गरे। 'गैरसरकारी संस्थाबाट परिचालित रकम नियन्त्रण गर्ने मनसाय होइन, यसलाई नियमन र अनुमगन गर्न लागेका हौं, खर्चको हिसाब र राष्ट्रिय प्राथमिकतामा केन्द्रित रहेर खर्च हुनुपर्छ भन्ने मान्यता हो, त्यसकै लागि नीतिगत सुधार गर्न मन्त्रालयले कदम चालेको छ,' मन्त्री लेखकले भने, 'यो कदम देशको हितमा छ, देशको आवश्यकताअनुसार छ। यसलाई नै प्राथमिकतामा राखेर सुधार गर्न खोजेका हौं।'२०७२ यता नेपालमा गैरसरकारी संस्थामार्फत भएको खर्चको हिसाब करिब ३ खर्ब देखाइएको छ। तर यसको प्रतिफल र देशको प्राथमिकतामा छ/छैन भनेर खोजबिन हुन नसक्दा गैससबाट परिचालित रकमको औचित्यमा प्रश्न उठेको गृह मन्त्रालयका एक अधिकारी बताउँछन्। गैससमार्फत भित्रिएको रकमको ठूलो हिस्सा उद्देश्यविपरीत मात्रै होइन, साधारण खर्चको आवरणमा व्यक्ति मोटाउनेतर्फ केन्द्रित गरिएकाले यसलाई कसिलो नियमन आवश्यक देखिएको गृहका अधिकारीको भनाइ छ। यसका लागि पारदर्शी रूपमा खर्च प्रणाली मात्रै होइन, गैसस सञ्चालकको सम्पत्ति पनि जाँचबुझ गर्न आवश्यक रहेको ती अधिकारीको दाबी छ। समाज कल्याण परिषद्ले पनि हालै तयार पारेको गैरसरकारी संस्था नियमन र अनुमगनसम्बन्धी मस्यौदामा यसका सञ्चालक र कर्मचारीलाई सम्पत्ति शुद्धीकरण अनुसन्धान दायरामा ल्याउनुपर्ने उल्लेख छ। मस्यौदामा उल्लिखित विषय र गृहबाट प्रतिवेदन बनेपछि नीतिगत सुधारमा लागिने महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका एक अधिकारीले जनाए। महालेखा परीक्षकको कार्यालयले आईएनजीओबाट भित्रिने अनुदानलाई एकद्वार प्रणालीबाट खर्च हुने प्रबन्ध मिलाउन सरकारलाई बर्सेनि निर्देशन दिए पनि पालना हुन नसकेको बताएको छ। गैससका कामकारबाही र तौरतरिका देखाउने एउटा तर वास्तविकता अर्कै हुँदा समस्या निम्तिएको महालेखा परीक्षकको कार्यालयक प्रवक्ता नायव महालेखा परीक्षक श्रीकुमार राईको भनाइ छ। सरकारी संयन्त्रबाट परियोजना स्वीकृत गर्दा एउटा देखाउने तर फिल्डमा जाँदा अर्कै भइरहेको देखिन्छ, यसबाहेक धेरैले संस्था नवीकरण नगरी गैरकानुनी रूपमा खर्च गरेको पनि देखिन्छ,' राईले भने, 'यसलाई सुधार गर्ने हो भने अब सरकारले एकद्वार प्रणालीमार्फत परियोजना स्वीकृत गर्नेदेखि खर्च अधिकार सोहीअनुसार दिने र यसको प्रभावकारी नियमन गर्नुको विकल्प छैन।' यसका लागि सम्बद्ध निकायका प्रतिनिधि सम्मिलित बलियो संयन्त्र बनाउन पनि आवश्यक रहेको उनले बताए।

प्रत्येक वर्ष भित्रिने अर्बौं रुपैयाँको खर्चलाई अब अवश्यकताका आधारमा मात्रै परिचालन गर्न प्रतिबद्ध भएर लाग्ने गृहमन्त्री लेखकले जनाए। रिपोर्ट आइसकेपछि देशको लेखाप्रणालीको दायरामा ल्याउनुपर्‍यो र जाँचबुझ गर्नुपर्‍यो भनेर काम अघि बढाइएको उनको भनाइ छ। 'यसका लागि आवश्यक कानुन पनि सुधार गर्छौं,' उनले भने। आईएनजीओका आर्थिक कारोबारलाई राष्ट्रिय सुरक्षाका दृष्टिबाट अध्ययन गरी सोहीअनुसार राष्ट्रिय हित र प्राथमिकताअनुसार परिचालन गर्नुपर्नेमा नेपाली सेनाका पूर्व उपरथी बिनोज बस्न्यातले जोड दिए।

'हामी जुन किसिमको भू–राजनीतिक अवस्थामा छौं, त्यसअनुसार राष्ट्रिय हित र प्राथमिकता निर्धारण गर्नुपर्ने हो। तर त्यसअनुसार हुन सकेको छैन,' बस्न्यातले भने, 'गृह मन्त्रालयबाट गरिएको पहल सकारात्मक छ। त्यस्तो खर्चलाई एकद्वार प्रणालीमा ल्याउनैपर्छ।' अन्यथा विभिन्न मुलुकले आ–आफ्नो स्वार्थअनुसार गैससमार्फत रकम खर्च गर्ने र कालान्तरमा नेपालको हित प्रतिकूल हुने गरी परिस्थिति बलियो हुन सक्ने उनको टिप्पणी छ।

गैससबाट सञ्चालित परियोजना र खर्चको पारदर्शितामा प्रश्न उठाउँदै सरकारद्वारा गठित जाँचबुझ आयोग, सुरक्षा संयन्त्रका आन्तरिक विश्लेषण तथा महालेखा परीक्षक कार्यालयका वार्षिक प्रतिवेदनले पनि सुधारका लागि ठोस पहल गर्न सरकारलाई सुझाएका छन्। प्रतिवेदनअनुसार काम भने हुन सकेको छैन।

Find us on
instagram.com/aarthik.sanskar/
BRANDTALK

# बक्स अफिसमा न प्रदीप चले न प्रियंका र ऋचा



■ आर्थिक संस्कार

गत बैशाखदेखि कात्तिकसम्म नेपाली फिल्मको व्यापार चकाचक नै रह्यो । यो अवधिमा लगभग १० वटा फिल्म व्यावसायिक रुपमा सफल भए । कात्तिकमा आएको 'पूर्णबहादुरको सारङ्गी'ले त घरेलु बक्स अफिसमा इतिहास नै रच्यो । तर, मंसिर महिना लागेयता नेपाली फिल्मको व्यापार निकै उदेकलाग्दो छ । 'स्टार' कहलिएका कलाकारहरुको फिल्म समेत बक्स अफिसमा डुबिरहेका छन् । पुषमा प्रदर्शन भएका सौगात मल्लको 'बमबहादुर' र दयाहाङ राईको 'कार्साङ' दुवै व्यापारिक रुपमा कमजोर देखिए । यसले गर्दा उनीहरुको स्टारडममाथि नै प्रश्न उठेको छ । यी दुई स्टारको फिल्म चल्न नसकेपछि धेरैलाई माघ १८ गतेको फिल्म 'एक्टर : टेक वन'प्रति ठूलो अपेक्षा थियो । किनकि, यसमा प्रदीप खड्काजस्ता 'स्टार' थिए । तर, उनको पनि स्टारडमको जादू देखिएन । नाम विवादले घोषित मिति (माघ १६)बाट दुई दिनपछि प्रदर्शनमा आएको फिल्मको ओपनिङ नै दयनीय रहन पुग्यो । पहिलो दिन नै धेरैजसो शो दर्शक अभावले 'क्यान्सिल' भए । दोस्रो दिन व्यापार तैबिसेक भए पनि आइतबारबाट फिल्म उकासिनै सकेन । यतिबेला दोस्रो सातामा रहेको फिल्मले हलमा घुँडा टेकिसकेको अवस्था छ । निर्मातालाई हलबाट ५० लाख सेअर पनि नआउने देखिन्छ ।

'एक्टरः टेक वन' नचल्दा निर्मातालाई त ठूलो धक्का लागेको छ नै, प्रदीपलाई पनि यो सानो झड्का होइन । उनको नामले नै फिल्म चल्छ भन्ने विश्वासमा निर्माताले फिल्ममा 'सुपरस्टार'को ट्याग समेत दिएका थिए । तर, प्रदीपले जति वजनदार ट्याग पाए, घरेलु बक्स अफिसमा त्योअनुरुप उनको स्टारडम भने देखिन सकेन । यद्यपि, प्रदीपले फिल्मका लागि प्रचारमा गरेको दौडधुप गजब थियो । प्रदीपको फिल्म मात्र होइन, अघिल्लो साता प्रदर्शित अभिनेत्रीद्वय प्रियंका कार्कीको 'ममी' र ऋचा शर्माको 'सारंग' पनि डुब्न पुगेका छन् । फिल्मको प्रचार गर्न प्रियंका आफैं सडकमा दर्शक तर्साउँदै समेत हिँडेकी थिइन् । तर, हलमा दर्शक तर्सिनै आइदिएनन् । ऋचाले त झन् 'सारंग'लाई आफ्नो करिअरको 'दोस्रो इनिङ' भनेकी थिइन् । तर, उनको फिल्मप्रति पनि दर्शकको चासो देखिएन ।

'एक्टरः टेक वन', 'ममी' र 'सारंग'सहित माघमा रिलिज भएका 'एक्टर' र 'फिरफिरे फिरिरी', 'केटी हराएको सूचना' र 'जुना' गरी ७ वटा फिल्म डुब्न पुगेका छन् । 'जुना'लाई त च्यारिटी शोमा दर्शक बेहोस गराएको फिल्म भनेर समेत प्रचार गरिएको थियो । तर, त्यही फिल्म हेरेर हलमा रोइदिन समेत दर्शक आइदिएनन् । अन्ततः माघ महिना व्यापारको हिसाबले निराशाजनक बन्न पुगेको छ ।

# 'सनम तेरी कसम' ९ वर्षपछि पुन: हलमा



■ आर्थिक संस्कार

यतिबेला भारतीय सिनेमा हलमा 'सनम तेरी कसम' पुन: प्रदर्शनमा आएको छ । 'ब्याडएस रविकुमार' र 'लभयापा'लाई पछाडि छोड्दै 'सनम तेरी कसम' बक्स अफिसमा अघि-अघि कुदिरहेको हो ।

पहिलोपटक प्रदर्शनमा आउँदा लगानीसमेत उठाउन नसकेर फ्लप साबित भएको फिल्मले ९ वर्षपछि भने भारतीय बक्स अफिसमा राम्रो व्यापार गरिरहेको छ ।

यतिन्जेल हिमेश रेशमिया र प्रभु देवाको 'ब्याडएस रविकुमार' र जुनैद खान र खुसी कपुरको 'लभयापा'ले मिलेर जति कमाइरहेका छन्, हर्षवर्धन राणे र मावरा होकेनको यो लभस्टोरी फिल्म एक्लैले त्यसभन्दा धेरै कमाइरहेको छ ।

भ्यालेन्टाइन्स सप्ताहलाई ध्यानमा राखेर पुन: प्रदर्शनमा ल्याइएको यो फिल्मले दुई दिनमा १० करोड १४ लाखभन्दा बढीको व्यापार गरेको हो। जम्मा १८ करोड बजेटमा बनेको यो फिल्मले २०१६ मा ९ करोड १० लाखबराबरको कमाइ गरेको थियो ।

९ वर्षको अन्तरालमा धेरैले यो फिल्म हेरिसकेका पनि छन्। फिल्मको कथा, यसको स्टोरिटेलिङ र कलाकारको अभिनयका कारण हेरिसकेका दर्शकले पनि फिल्म दोहोर्‍याइ वा तेहेर्‍याइ हेरिरहेका हुन् । सन् २०१६ मा ओरिजिनल रिलिज भएको यो फिल्मको लेखन र निर्देशन राधिका राव र विनय सप्रुले संयुक्त रूपमा गरेका हुन् । राव र सप्रु जीवनसाथी हुन्। भनिन्छ, यो फिल्म लेख्दा उनीहरूले महिला र पुरुषको प्रेम मनोविज्ञानको पाटोमा आफ्नै निजी अनुभवका आधारमा काम गरेका थिए । फिल्मले राम्रो कमाइ गरेमा 'सनम तेरी कसम टू' ल्याउने टिमको योजना छ ।

# 'बीटीएस' गायक भी बने संसारकै सुन्दर पुरुष, ब्राड पिट दोस्रो स्थानमा

■ आर्थिक संस्कार

के-पप ब्याण्डका सदस्य भी अर्थात किम तेह्युङ 'विश्वका सबैभन्दा सुन्दर पुरुष' घोषित भएका छन् । टेक्नो-स्पोर्ट्सले यसवर्षका सुन्दर पुरुषको सूची सार्वजनिक गरेको छ । उल्लेखनीय कुरा के हो भने, गायक भीले हलिउड स्टार ब्राड पिट, बलिउड स्टार ऋतिक रोशनजस्ता विश्व मनोरञ्जन क्षेत्रका व्यक्तिलाई पनि उछिनेका छन् । भीको लोकप्रियता नेपालसहित विश्वब्यापी छ । जेन-जी पुस्तामा उनको क्रेज अभूतपूर्व छ । उनी एकैसाथ गायक, गीतकार र अभिनेता पनि हुन् । सन् २०१३ मा बीटीएसमा जोडिएका भीले 'स्टिग्मा' नामक एकल गीत पनि ल्याएका छन् ।

सूचीको दोस्रो स्थानमा हलिउड स्टार ब्राड पिट छन् । दुईपटक अस्कर अवार्ड जितेका अभिनेता पिटलाई पिपल म्यागजिनले 'जीवित सेक्सी पुरुष'को उपाधि दिइसकेको छ । तेस्रो स्थानमा रोबर्ट प्याटिन्सन छन् जो हलिउड ब्लकबस्टर र स्वतन्त्र फिल्ममा अभिनय गरेबापत परिचित छन् । चौंथो स्थानमा क्यानडेली अभिनेता तथा मोडल नोह मिल्स छन् । पाँचौ स्थानमा चर्चित बलिउड अभिनेता ऋतिक रोशन छन् । छैटौंमा हालैमात्र क्यानडाको प्रधानमन्त्रीबाट राजिनामा दिएका नेता जस्टिन ट्रुडो छन् । त्यसपछि सूचीमा क्रमशः हलिउड अभिनेता क्रिस इभान्स, हेनरी क्याभिल, टम क्रूज, ब्राड्ली कुपर छन् । टेक्नो स्पोर्ट्सले वर्षेनी यो सूची सार्वजनिक गर्दै आएको छ ।



# १९ घण्टामै युट्युबको ट्रेन्डिङ १ मा पर्‍यो बालेनको नयाँ गीत 'नेपाल हाँसेको'



■ आर्थिक संस्कार

र्‍यापर एवं काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र शाह (बालेन) को नयाँ गीत 'नेपाल हाँसेको' रिलिज भएको १९ घण्टामै युट्युब ट्रेन्डिङको एक नम्बरमा परेको छ । सोमबार बेलुकी ५ बजेतिर सार्वजनिक भएको चलचित्र 'लाज शरणम्'को उक्त गीत नेपालमा ट्रेन्डिङ फर म्युजिक विधामा शीर्ष स्थानमा परेको हो । यो गीतले अर्को चलचित्र रेशम फिलिलीको 'फेरि जालमा' गीतलाई पछि पारेको छ । यो समाचार तयार पार्दासम्म युट्युबमा बालेनको गीतले करिब आठ लाख ४२ हजार बढी भ्युज पाएको छ, जसमा एक लाख ४० हजार लाइक र साढे ११ हजार बढी कमेन्ट आएका छन् ।

गीत सार्वजनिक भए लगत्तै सामाजिक सञ्जालका विभिन्न माध्यममा शेयर गर्ने क्रम बढेको छ । केही प्रयोगकर्ताले टिकटकमा छोटा क्लिप बनाएका छन् । १४ फागुनमा रिलिज हुने यस चलचित्रमा सीताराम कट्टेल, अर्जुन घिमिरे, सागर लम्साल, हरिश निरौला, प्रियना आचार्य लगायतका कलाकारको अभिनय रहेको छ । केही सामाजिक सञ्जाल प्रयोगकर्ताले यो गीत सबैभन्दा कम समयमा युट्युब ट्रेन्डिङमा परेको दाबी गरेका छन् । यद्यपि यसलाई पुष्टि गर्न सकिएको छैन ।

# सौराहामा आजदेखि खाना उत्सव



■ आर्थिक संस्कार


प्रणय दिवसको अवसरमा सौराहामा आजदेखि खाना उत्सव (फूड फेस्टिभल) शुरू भएको छ । रेष्टुरेण्ट एन्ड बार एसोसियसन नेपाल सौराहा चितवन (रेवान) को आयोजनामा हरेक वर्ष गर्रिंदै आएको खाना उत्सवको यो १९औं सँस्करण हो ।

चितवनको पर्यटन विकासका लागि उत्सव आयोजना गरिएको रेवान सौराहाका अध्यक्ष ध्रुव गिरीले जानकारी दिए । उक्त उत्सवमा प्रवेश टिकटबाट प्राप्त आम्दानीले यस वर्ष पनि सौराहाको पर्यटन मार्ग सौन्दर्यकरण गरिने आयोजकले जनाएको छ । उत्सवका कारण सौराहामा पर्यटक आगमनमा ४० प्रतिशत वृद्धि हुने अनुमान गरिएको छ ।

आयोजक समितिका संयोजक शम्भुप्रसाद मालीले फागुन ३ गतेसम्म चल्ने खाना उत्सवमा बहुल जातजातिहरूको झाँकीका साथै सिन्धुलीको कर्ने मगर बाजाको प्रस्तुति रहने बताए । कलाकारको साङ्गीतिक प्रस्तुति, खाना प्रदर्शनी तथा प्रतियोगिता, 'वेटर' र 'वेटरेस' बीच प्रतियोगिता, डोरी तान प्रतियोगिता, प्रथम रेवान कप महिला फूटबल प्रतियोगिता, अन्तर विद्यालय नृत्य प्रतियोगिता, ब्याडमिन्टन प्रतियोगिता हुने जनाइएको छ ।

Facebook.com/
Aarthiksanskarr

# बदलाको कथामा बनेको फिल्म 'ताण्डवम्' को ट्रेलर सार्बजनिक




■ आर्थिक संस्कार

आगामी फागुन ९ गतेदेखि प्रदर्शनको तयारीमा रहेको फिल्म 'ताण्डवम्'को ट्रेलर सार्वजनिक गरिएको छ ।

काठमाडौंमा एक कार्यक्रमका बीच सार्वजनिक ट्रेलरले फिल्म बदलाको कथामा बनेको प्रष्ट पार्छ । एक गर्भवती महिलाको हत्या भएपछिको घटनाक्रमलाई फिल्मले मुख्य कथावस्तु बनाएको देखिन्छ । प्रेमिल र हिंसात्मक दृश्यहरू ट्रेलरमा प्रशस्त छन् ।

लामो समयदेखि नेपाली फिल्ममा रंग संयोजन गर्दै आइरहेका जुनिम गहतराजले फिल्मको निर्देशन गरेका हुन् । उनको यो पहिलो निर्देशकीय फिल्म हो । क्राइम-थ्रिलर जनरामा बनेको फिल्ममा जुनिम स्वयं मुख्य भूमिकामा छन् । उनको जोडी सरिना मगरसँग बाँधिएको छ । यसमा अंकित खड्का, पुष्कर गुरुङ, प्रेम सुब्बा, अनोज पाण्डे, कमल कार्की लगायतको पनि अभिनय रहेको छ ।

सिंहदेवी प्रोडक्सनले भिजुअल आर्ट्स स्टुडियोसँग निर्माणमा सहकार्य गरेको फिल्ममा धनकुमारी गहतराज, सविना मगर र मनिष गौतम निर्माताको रुपमा छन् । हरि घले लामाको छायांकन रहेको फिल्ममा सम्राट बस्नेतको द्वन्द्व निर्देशन, सुशान्त गौतमको संगीत तथा कोबिद बज्रको ब्याकग्राउन्ड म्युजिक छ । फिल्मको कथा, पटकथा एवं संवाद अनिरुद्ध आत्रेय र हुसेनले मिलेर लेखेका हुन् ।

# इन्टरले लियो फियोरेन्टिनामाथि बदला



■ आर्थिक संस्कार

इन्टर मिलानले इटालीको सिरी ‘ए’ मा सोमबार फियोरेन्टिनााई २–१ ले पराजित गरेको छ र यससँगै गत साताको हारको बदला पनि लिएको छ । यो जितपछि इन्टरले लिग तालिकाको शीर्षमा रहेको नेपोलीसँगको दूरी पनि एक अंकमा छोट्याएको छ ।
सानसिरोमा भएको खेलमा इन्टर मानिर पोनग्रासिचको आत्मघाती गोलले अगाडि रहेको थियो । दोस्रो हाफको अन्त्यतिर रोलान्डो मान्ड्रागोराले फियोरेन्टिनाका लागि बराबरी गोल फर्काए । दोस्रो हाफमा मार्को आरनोभिचले निर्णायक गोल गरे ।
यसअघि नेपोलीले युडिनेजीसँग बराबरी खेलेपछि इन्टरले त्यसको फाइदा लिएको हो । नेपोलीको २४ खेलबाट ५५ अंक भएको छ भने इन्टरको त्यत्तिकै खेलबाट ५४ अंक छ । डिफेन्डिङ च्याम्पियन इन्टर अब अर्को साता टुरिनको भ्रमणमा निस्कने छ ।
नेपोलीले चौथो स्थानको लाजियोको आथित्य गर्नेछ । लाजियो ४५ अंकमा छ भने एटलान्टा ५० अंकमा तेस्रो स्थानमा रहेको छ ।

# विलियमसनको शतकले न्यूजिल्याण्डलाई फाइनलमा पुर्‍यायो।



■ आर्थिक संस्कार

स्टार क्रिकेटर केन विलियमसनले शानदार शतक प्रहार गर्दै न्यूजिल्याण्डलाई सोमबार भएको खेलमा दक्षिण अफ्रिकी ओपनर म्याथ्यु ब्रिट्जकेको कीर्तिमानी प्रदर्शनलाई ओझेल पार्दै छैटौं विकेटको फराकिलो जितसहित त्रिकोणात्मक सिरिजको फाइनलमा पुर्‍याए।
ब्रिट्जकेले आफ्नो पहिलो एकदिवसीय अन्तर्राष्ट्रिय खेलमै १५० रन बनाए, जुन डेब्यु खेलमा कुनै पनि ब्याट्सम्यानद्वारा बनाइएको सबैभन्दा उच्च स्कोर हो। उनको उत्कृष्ट प्रदर्शनको मद्दतले दक्षिण अफ्रिकाले ३०४-६ को प्रतिस्पर्धी योगफल तयार गर्‍यो, तर लाहोरस्थित गद्दाफी स्टेडियममा विलियमसनको अविजित १३३ रन निर्णायक बन्यो।
यो त्रिकोणात्मक सिरिज आगामी फेब्रुअरी १९ देखि पाकिस्तान र संयुक्त अरब इमिरेट्समा सुरु हुने आठ राष्ट्र सम्मिलित च्याम्पियन्स ट्रफीका लागि वार्म-अप प्रतियोगिता हो।
त्रिकोणात्मक सिरिजको तेस्रो टोली पाकिस्तानले बुधबार कराँचीमा दक्षिण अफ्रिकासँग खेल्दैछ। उक्त खेलको विजेता शुक्रबार न्यूजिल्याण्डसँग फाइनल खेल्नेछ।
विलियमसनले करिब पाँच वर्षपछि पहिलो पटक एकदिवसीय अन्तर्राष्ट्रिय शतक प्रहार गरे। उनलाई ओपनर डेभोन कन्वेले राम्रो साथ दिए, जो मात्र तीन रनले आफ्नो शतक पूरा गर्न चुके। दुवैले दोस्रो विकेटका लागि १८७ रनको महत्वपूर्ण साझेदारी गर्दै न्यूजिल्याण्डलाई लगातार दोस्रो जित दिलाए।
"लक्ष्य पछ्याउन साझेदारी आवश्यक पर्छ, र यो विलियमसन र कन्वेको उत्कृष्ट इनिङ्स तथा साझेदारीकै कारण जित सम्भव भयो," न्यूजिल्याण्डका कप्तान मिचेल सान्टनरले भने।
विलियमसन आफ्नो जित सुनिश्चित गर्न निकै आत्मविश्वासी देखिए। डेरिल मिचेल (१०) र टम लैथम (०) आउट भए पनि उनले धैर्य गुमाएनन् र ४८.४ ओभरमा विजयी चौका प्रहार गर्दै खेल टुंग्याए।
त्यसैगरी, दक्षिण अफ्रिकी ब्याट्सम्यान म्याथ्यु ब्रिट्जकेले डेब्यु खेलमै सबैभन्दा ठूलो एकदिवसीय अन्तर्राष्ट्रिय स्कोर बनाउने कीर्तिमान कायम गरे। उनले ११ चौका र पाँच छक्का प्रहार गर्दै १९७८ मा वेस्ट इन्डिजका डेसमन्ड हेन्सले अष्ट्रेलियाविरुद्ध बनाएको १४८ रनको कीर्तिमान तोडे।
दक्षिण अफ्रिकाका कप्तान टेम्बा बावुमाले ब्रिट्जकेको कीर्तिमानलाई "केही सकारात्मक पक्षहरू" मध्ये एक भएको बताए।
ब्रिट्जकेले १२८ बलमा शतक पूरा गर्दा न्यूजिल्याण्डका पेसर विल ओ'राउर्कलाई चौका प्रहार गरे। उनी दक्षिण अफ्रिकाबाट एकदिवसीय डेब्युमा शतक बनाउने चौथो खेलाडी बने।
दक्षिण अफ्रिकाले आफ्ना प्रमुख खेलाडीहरू घरेलु टी-२० लिग खेल्न व्यस्त भएकाले वा चोटका कारण टिम बाहिर रहेका कारण चार नयाँ खेलाडीलाई डेब्यु गरायो।
न्यूजिल्याण्डले चोटका कारण पाकिस्तानविरुद्धको ७८ रनको जितमा खेलेका रचिन रविन्द्रको स्थानमा डेभोन कन्वेललाई समावेश गर्‍यो।

भारतले सिरिज जित्यो

भारतका कप्तान रोहित शर्माले बत्ती बन्द हुने समस्यालाई बेवास्ता गर्दै उत्कृष्ट ११९ रन बनाएर इंग्ल्यान्डविरुद्ध दोस्रो एकदिवसीय खेलमा चार विकेटको जित दिलाए। यो जितसँगै भारतले तीन खेलको सिरिज २-० ले जित्यो।
३०५ रनको लक्ष्य पछ्याउँदै रोहितले ९० बलमा १२ चौका र सात छक्का प्रहार गर्दै उत्कृष्ट ब्याटिङ गरे। भारतले ३३ बल बाँकी रहँदै कटकमा जित हासिल गर्‍यो।
यो सिरिज पनि फेब्रुअरी १९ देखि पाकिस्तान र दुबईमा सुरु हुने च्याम्पियन्स ट्रफीको तयारीको रूपमा खेलिएको हो।
रोहितले ७६ बलमा आफ्नो ३२औं एकदिवसीय शतक पूरा गरे। उनले लेग स्पिनर आदिल राशिदको बलमा छक्का प्रहार गर्दै कीर्तिमानी इनिङ्स खेले। रोहितले आफ्नो ओपनिङ साझेदार शुभमन गिलसँग १३६ रनको साझेदारी गरे। रोहितले पहिलो खेलमा मात्र दुई रन बनाए पनि यो खेलमा आक्रामक ब्याटिङ गर्दै बलरहरूलाई दबाबमा राखे।
खेल क्रममा २० मिनेटसम्म बत्ती बन्द भए पनि रोहितको ब्याटिङ प्रभावित भएन। उनले अष्ट्रेलियाविरुद्धको पछिल्लो टेस्ट सिरिजमा खराब प्रदर्शन गरेपछि यो इनिङ्सले लयमा फर्कन मद्दत गर्‍यो।
गिलले ४५ बलमा ६० रन बनाए, जुन पहिलो खेलमा बनाएको ८७ रनपछि उनको लगातार दोस्रो अर्धशतक थियो।
जेमी ओभरटनले गिललाई आउट गरे भने विराट कोहली, जो घुँडाको चोटका कारण पहिलो खेल खेलेनन्, राशिदको बलमा पाँच रनमा आउट भए।
भारतको पारी बीचमा केही समस्या देखिए पनि श्रेयस अय्यरको ४४ रन र अक्षर पटेलको अविजित ४१ रनको मद्दतले टिमलाई लक्ष्यमा पुर्‍यायो।
यसअघि, इंग्ल्यान्डका बेन डकेट (६५) र जो रूट (६९) ले राम्रो प्रदर्शन गर्दै टिमलाई ४९.५ ओभरमा ३०४ रनमा पुर्‍याएका थिए।
भारतका स्पिनर रविन्द्र जडेजाले ३५ रन खर्चेर तीन विकेट लिए। (AFP)

Visit Our Website

# आहा-रारा पोखरा गोल्डकप : चर्च ब्वाइजले लियो त्रिभुवन आर्मीसँग बदला



■ आर्थिक संस्कार

त्रिभुवन आर्मी क्लबसँग गत वर्षको बदला लिँदै ‘ए’ डिभिजन लिग विजेता चर्च ब्वाइज युनाइटेड पोखरामा भइरहेको २४ औं आहा–रारा पोखरा गोल्डकप फुटबलको सेमिफाइनल पुगेको छ। गत संस्करणमा आर्मीसँग सेमिफाइनलमै २–१ ले पराजित चर्च ब्वाइजले यसपालि १–० ले बदला लिएको हो।
सोमबार चर्च ब्वाइजका लागि खेलको ९० औं मिनेटमा राज भुसालले निर्णायक गोल गरे। नवीन लामाको कर्नरमा राजले हेडर गोल गर्दै विपक्षी डिफेन्डर र गोलरक्षक विकेश कुथुलाई कुनै मौका दिएनन्। खेलको अन्तिममा गोलरहित अवस्था तोड्दै राजले साबिक विजेता आर्मीलाई पाखा लगाउन भूमिका खेले। धरानमा बुढासुब्बा गोल्डकपको उपविजेतामा चित्त बुझाएको चर्च ब्वाइजले आहा–रारामा उपाधिविहीन अवस्था तोड्न चाहन्छ।
चर्च ब्वाइजले दुई टिम बनाएर धरान र पोखरामा एकसाथ खेलेको थियो। पोखरामा सर्ज डिकाको कप्तानीमा मैदानमा उत्रिएको टिमले एनआरटीलाई सडन डेथमा हराएर क्वाटरफाइनल तय गरेको थियो। धरानमा शनिबार अनन्त तामाङको कप्तानीमा रहेको टिम एनआरटीसँग नै फाइनलमा पराजित भएको थियो। बुढासुब्बामा खलेर पोखरा आएका समीर तामाङ र रोहन कार्कीलाई प्रशिक्षक चेतनारायण श्रेष्ठले पहिलो रोजाइमा खेलाए। तर, कार्की घाइते भएपछि खेलको २५ औं मिनेटमा उनको स्थानमा राजलाई मैदान प्रवेश गराए।
अनुभवी खेलाडीले भरिएको आर्मी राष्ट्रिय टोलीका फरवार्ड जिलेस्पीजंग कार्कीको कप्तानीमा मैदान उत्रिएको थियो। टिममा गोलरक्षक विकेश कुथु, नवयुग श्रेष्ठ, आहा–रारामा गत वर्षका सर्वोत्कृष्ट खेलाडी विमल पाण्डे, गत वर्षकै सर्वाधिक गोलकर्ता दिनेश हेन्जनलगायत अनुभवी खेलाडीसँगै नीराजन धामीजस्ता युवा खेलाडी थिए। प्रतिस्पर्धात्मक खेलमा अन्तिम समयमा सम्हालिन नसक्दा आर्मीले प्रतियोगिताबाट हात धुनुपर्‍यो।
खेलको आठौं मिनेटमा चर्च ब्वाइजका मिलन राईले बायाँ भागबाट उपलब्ध गराएको क्रसमा अबायोमी फाकुन्ले बक्सबाट गरेको प्रहारले पोस्टको दिशा लिन सकेन। आर्मी २१ औं मिनेटमा अग्रता लिनबाट चुक्यो। कप्तान जिलेस्पीको पासमा दिनेश हेन्जनको हेडर चर्च ब्वाइजका गोलरक्षक टिकेन्द्रसिंह थापाले बचाए। उनी पोस्टभित्र पुगेको अवस्थामा हातले भने बललाई बाहिर राख्न सफल देखिए।
खेलको २९ औं मिनेटमा आर्मीले अर्को अवसर गुमायो। एट्याकिङ एरियामा पाएको फ्रिकिकमा दिनेश हेन्जनको प्रहार नीराजन धामीले बक्सबाट हेडर गरे पनि क्रसबारको केही माथिबाट बाहिरियो। खेलको ४८ औं मिनेटमा जिलेस्पीले दायाँ भागबाट उपलब्ध गराएको क्रसमा नीराजनले हेड गर्ने प्रयास गरे। उनलाई छोएर गएको बलमै दिशान्त राईले गरेको प्रहार विपक्षी गोलरक्षकले बचाए। लगत्तै काउन्टर एट्याकमा चर्च ब्वाइजले सुन्दर अवसर गुमायो।
अबायोमी फाकुन्लेले दायाँ भागबाट दिएको क्रसमा अनमार्क समीर तामाङले फितलो प्रहार गरे। खेलको ५७ औं मिनेटमा राजको पासमा मिलन राईको हेडर पोस्टमा लागेर फर्कियो। खेलमा मिलन राई प्लेयर अफ द म्याच घोषित भए।
‘ए’ डिभिजन लिग विजेता चर्च ब्वाइजले प्रि–क्वाटरफाइनलमा एनआरटीलाई हराउँदै क्वाटरफाइनल प्रवेश गरेको थियो। त्रिभुवन आर्मी बाई पाएर चर्च ब्वाइजसँग क्वाटरफाइनल खेलेको थियो। चर्च ब्वाइजले माघ ३० मा अर्को विभागीय टिम नेपाल पुलिस क्लबसँग सेमिफाइनल खेल्नेछ। मंगलबार अन्तिम क्वाटरफाइनल खेलमा थन्डरबोल्ट नर्थ युनाइटेड सिक्किम र उज्वेकिस्तानको ब्ल्याक बुल्स फुटबल क्लबबीच प्रतिस्पर्धा हुनेछ। थन्डरबोल्टले संकटालाई हराएर क्वाटरफाइनलमा स्थान बनाएको हो। उज्वेकिस्तानको टोली बाई पाएर सिधै खेल्दै छ।
सहाराका ६ खेलाडी ब्रिगेड ब्वाइजमा
सहारा क्लबले सञ्चालन गरेको एकेडेमीका ६ खेलाडी सहिद स्मारक ‘बी’ डिभिजन लिग फुटबलका लागि ब्रिगेड ब्वाइज क्लबमा अनुबन्धित भएका छन्। क्लबले सञ्चालन गरेको सूर्यबहादुर केसी स्मृति सहारा फुटबल एकेडेमीमा तेस्रो ब्याचका खेलाडीमध्ये उनीहरू सोमबार ब्रिगेड ब्वाइजमा अनुबन्धित भएका हुन्। क्लबका अध्यक्ष केशवराज बरालले खेलाडी विशाल नेपाली, मुकुन्दकुमार निउरे, अभिषेक रानामगर, भागवत चौधरी, सन्तोष शाही र अशोक रेग्मीलाई ब्रिगेड ब्वाइजको जिम्मा लगाए।
ब्रिगेड ब्वाइजले एकेडेमीका खेलाडीको उत्थानका लागि सहयोगस्वरुप २ लाख रुपैयाँ हस्तान्तरण गरेको छ। एकेडेमीमा हाल चौथो ब्याचका ३० बालक आश्रित छन्। उनीहरूले शिक्षा, आवासीय सुविधासहित फुटबल सिकिरहेका छन्। क्लबले बर्सेनि फुटबल प्रतियोगिता आयोजना गरेर बचत रकम एकेडेमीमा खर्चंदै आएको क्लबका महासचिव रामजीप्रसाद अधिकारीले बताए।

# एनजीएले गोल्फर जोडी सद्भाव र राहुललाई सम्मान गर्‍यो।



■ आर्थिक संस्कार

एनजीएले गोल्फर सद्भाव र राहुललाई सम्मान गर्‍यो नेपालका नम्बर १ अमेच्योर गोल्फर सद्भाव आचार्यलाई ३८औं बंगलादेश अमेच्योर गल्फ च्याम्पियनसिपमा ऐतिहासिक जित दर्ता गरेबापत सम्मान गरिएको छ। यस प्रतियोगितामा उपाधि जित्ने पहिलो नेपाली खेलाडी बनेका उनलाई नेपाल गल्फ संघ (एनजीए) ले नगद रु ५०,००० प्रदान गर्‍यो।
सम्मान समारोह राष्ट्रिय खेलकुद परिषद् (एनएससी) का सदस्य सचिव टंका लाल घिसिङको नेतृत्वमा सम्पन्न भयो।
सद्भावले राहुल विश्वकर्मासँग जोडी बनाएर टिम इभेन्टमा पनि स्वर्ण जित्दै नेपालका लागि दोस्रो उपाधि सुनिश्चित गरे। नेपाल गल्फ संघले दुवै खेलाडीलाई रु २५,०००-२५,००० नगद पुरस्कार प्रदान गर्‍यो, जसले गर्दा सद्भावको कुल पुरस्कार राशि रु ७५,००० पुग्यो। नेपालले यसअघि टिम इभेन्टमा २०१८ (शुक्र बहादुर राई र टंका बहादुर कार्की) र २०२२ (सुबास तामाङ र सद्भाव आचार्य) मा स्वर्ण जितिसकेको थियो। तर, १९८८ देखि नेपालले सहभागिता जनाउँदै आएको यो च्याम्पियनसिपमा व्यक्तिगत उपाधि जित्ने सद्भाव पहिलो नेपाली खेलाडी बनेका छन्।
चार दिनसम्म चलेको बंगलादेश अमेच्योर गोल्फ च्याम्पियनसिपमा नेपाल, बंगलादेश, श्रीलंका, पाकिस्तान, भूटान, दक्षिण कोरिया, जापान र अष्ट्रेलियासहित आठ राष्ट्रका १०० खेलाडीले भाग लिएका थिए।
महिला खेलाडी तारा कार्की चित्रकार र सम्जना खत्रीले नेपालका तर्फबाट सहभागिता जनाए भने गोपाल चित्रकार र अर्शिया बनु टिम म्यानेजरको रूपमा सहभागी भए। एनएससी सदस्य सचिव घिसिङले महिला खेलाडीहरू र टिम म्यानेजरलाई पनि सम्मान गरे।

फाल्डो जुनियर गल्फ च्याम्पियनसिप आजदेखि सुरु

फाल्डो जुनियर टुर नेपाल च्याम्पियनसिप मंगलबारदेखि रोयल नेपाल गल्फ क्लबमा सुरु हुँदैछ।
नेपाल गल्फ संघले सन् २०१२ देखि प्रत्येक वर्ष यो प्रतियोगिता आयोजना गर्दै आएको छ। प्रतियोगितामा चार प्रदेशका ३१ युवा खेलाडीले भाग लिँदै भियतनाममा आयोजना हुने फाल्डो जुनियर टुर एसिया ग्रान्ड फाइनलमा छनोट हुने अवसरका लागि प्रतिस्पर्धा गर्नेछन्।
एनजीएका अनुसार तीन दिनसम्म चल्ने ५४-होलको यो प्रतियोगितामा तीन उमेर समूहका खेलाडी प्रतिस्पर्धा गर्नेछन्— १७-२१ वर्षका केटाहरू, १२-१६ वर्षका केटाहरू, र १२-२१ वर्षका केटीहरू।
प्रत्येक समूहको विजेताले अप्रिल २३ देखि २५ सम्म भियतनामको ला लागुनामा आयोजना हुने फाल्डो जुनियर टुर एसिया ग्रान्ड फाइनलमा प्रतिस्पर्धा गर्ने मौका पाउनेछन्।
सद्भाव आचार्यले गत नोभेम्बरमा युरोपियन ग्रान्ड फाइनलमा यू-२१ उपाधि जितेर एसिया ग्रान्ड फाइनलमा स्वतः छनोट भएका छन्। तर, उनले नेपाल च्याम्पियनसिपमा पनि प्रतिस्पर्धा गर्नेछन्।
यस वर्ष, सद्भावसहित चार नेपाली खेलाडी एसिया ग्रान्ड फाइनलमा प्रतिस्पर्धा गर्दैछन्, जसले नेपाललाई अन्तर्राष्ट्रिय गल्फमा नयाँ उपलब्धि दिलाउने अपेक्षा गरिएको छ।
फाल्डो जुनियर टुर विश्वभरका युवा गल्फ खेलाडीहरूलाई प्रोत्साहन गर्ने एक ग्लोबल इनिसिएटिभ हो, जसलाई छ पटकका मेजर च्याम्पियन सर निक फाल्डोले नेतृत्व गरेका छन्। नेपालका युवा गल्फ खेलाडीहरू अन्तर्राष्ट्रिय स्तरमा सफलता हासिल गर्दै अगाडि बढिरहेका छन्।